# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

आज मिति २०८१ पौष महिना २५ गते बिहिबारका दिन यस रघुगंगा गाउँपालिकाका अध्यक्ष श्री भवबहादुर भण्डारीज्यूको अध्यक्षतामा भएको १८ औ गाउँ सभामा तपसिलको उपस्थितिमा छलफल गरी तपसिल बमोजिम निर्णय गरियो।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री भवबहादुर भण्डारी | अध्यक्ष | | |
| २ | श्री प्रेम कुमारी पुन | उपाध्यक्ष | | |
| ३ | श्री बिलबहादुर फगामी | १ नं. वडा अध्यक्ष | | |
| ४ | श्री अमृत भण्डारी | २ नं. वडा अध्यक्ष | | |
| ५ | श्री खिम बहादुर शाही | ३ नं. वडा अध्यक्ष | | |
| ६ | श्री पविन गर्बुजा | ४ नं. वडा अध्यक्ष | | |
| ७ | श्री मनबहादुर शेरमन्जा | ५ नं. वडा अध्यक्ष | | |
| ८ | श्री मनकुमार शेरपुजा मगर | ६ नं. वडा अध्यक्ष | | |
| ९ | श्री थक बहादुर पाईजा | ७ नं. वडा अध्यक्ष | | |
| १० | श्री गमान छन्त्याल | ८ नं. वडा अध्यक्ष | | |
| ११ | श्री कुमारी पुर्जा गर्वुजा | गाउँ सभा सदस्य | | |
| १२ | श्री प्रिति गर्वुजा | गाउँ सभा सदस्य | | |
| १३ | श्री होम बहादुर दर्जी | गाउँ सभा सदस्य | | |
| १४ | श्री धनमाया घताने गोतामे | गाउँ सभा सदस्य | | |
| १५ | श्री समिता पुन | गाउँ सभा सदस्य | | |
| १६ | श्री सम्झना परियार | गाउँ सभा सदस्य | | |
| १७ | श्री भक्त बहादुर पुन | गाउँ सभा सदस्य | | |
| १८ | श्री बलमान गौचन | गाउँ सभा सदस्य | | |
| १९ | श्री सुनिता वि.क. | गाउँ सभा सदस्य | | |
| २० | श्री नर बहादुर भण्डारी | गाउँ सभा सदस्य | | |
| २१ | श्री कृष्ण बहादुर कटुवाल क्षेत्री | गाउँ सभा सदस्य | | |
| २२ | श्री उमादेवी के.सी | गाउँ सभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री रसिला परियार | गाउँ सभा सदस्य | | |
| २४ | श्री राम्जी शर्मा | गाउँ सभा सदस्य | | |
| २५ | श्री जित बहादुर खत्री | गाउँ सभा सदस्य | | |
| २६ | श्री जयन्ती मल्ल भण्डारी | गाउँ सभा सदस्य | | |
| २७ | श्री अईती दर्जी | गाउँ सथा सदस्य | आरती | |
| २८ | श्री चित्र बहादुर गर्वुजा | गाउँ सभा सदस्य | | |
| २९ | श्री राज कुमारी गर्वुजा | गाउँ सभा सदस्य | | |
| ३० | श्री आरती वि.क. | गाउँ सभा सदस्य | | |
| ३१ | श्री डम बहादर रोका | गाउँ सभा सदस्य | | |
| ३२ | श्री राम बहादुर थजाली | गाउँ सभा सदस्य | | |
| ३३ | श्री दिल कुमारी पुर्जा | गाउँ सभा सदस्य | | |
| ३४ | श्री दल प्रसाद पुन | गाउँ सभा सदस्य | Dal | Dal |
| ३५ | श्री टेकजित छन्त्याल | गाउँ सभा सदस्य | | |
| ३६ | श्री मिना पुन | गाउँ सभा सदस्य | mina | |
| ३७ | श्री निर्मला वि.क. | गाउँ सभा सदस्य | | |
| ३८ | श्री प्रेम बहादुर पुन | गाउँ सभा सदस्य | | |
| ३९ | श्री चेतन थापा | गाउँ सभा सदस्य | | |
| ४० | श्री सत्त देवी पुन | गाउँ सभा सदस्य | | |
| ४१ | श्री च बहादुर छन्त्याल | गाउँ सभा सदस्य | | |
| ४२ | श्री अगेन्द्र छन्त्याल | गाउँ सभा सदस्य | | |
| ४३ | श्री याम कुमारी गोतामे घर्ती | गाउँ सभा सदस्य | | |
| ४४ | श्री चेतनारायण भण्डारी | गाउँ सभा सचिव | | |
| अन्य उपस्थिति | | | | |
| ४५ | श्री अर्जुन गौतम | लेखा अधिकृत | | |
| ४६ | तोरण क. म | | | तोरण क. म |
| ४७ | दुर्गा ब० बडुवाल | कृषि प्राविधिक | | |
| ४८ | दिपकराज जोशी | कृषि अधिकृत | | |
| ४९ | पुष्पराज अधिकारी | पशु वि. अधिकृत | | |
| ५० | दयाराम पौडेल | कार्यालय [illegible] | | |
| ५१ | नरेन्द्र बहादुर जोशी | प्रा० स. | | |

| | | | | |
|---|---|---|---|---|
| ५२ | प्रेमचन्द्र प्र. जयसवाल | स्वा.प्रा.प्र. | [signature] | |
| ५३ | योगेन्द्र ब. कार्की | अ.हे. | [signature] | |
| ५४ | संजीव यादव | ल्या. टेक्निसियन | Sanjeev | |
| ५५ | गीता बुढाथोकी | रोजगार सहायक | [signature] | |
| ५६ | स्तुती पौडेल | प.स्वा.प्रा | [signature] | |
| ५७ | रमा बस्नेत | का.स | [signature] | |
| ५८ | खिमा बुढामगर पुन | ,, ,, | Khima | |
| ५९ | रेखा पाईजा | सहायक चौथो प्रशासन शाखा | [signature] | |
| ६० | विर बहादुर ओली | अ.हे.व. | [signature] | |
| ६१ | कमल केवा विक | ड्रा. | [signature] | |
| ६२ | सुरेन्द्र बहादुर घर्ती | अ.सं.इ | [signature] | |
| ६३ | शिव प्र. थापा | स्व.प्र.अ | [signature] | |
| ६४ | कुवेर थापा | भ्याकोसियडे | [signature] | |
| ६५ | टंक बहादुर शाही | सि.अ.हे.व.अ. | [signature] | |
| ६६ | रोसन पुन | स. चौथो | [signature] | |
| ६७ | विर बहादुर गाउँजा | का.स | [signature] | |
| ६८ | डोल ब. रोकाया | का.स | [signature] | |
| ६९ | देवी कुमारी राना | सि.अ.न.मी.मिडवाइफ | [signature] | |
| ७० | निर्मला भण्डारी त्रिपी | का.स | [signature] | |
| ७१ | विजय शर्मा | दिगड | [signature] | |
| ७२ | रमेश डाँगी | समाजसेवी | [signature] | |
| ७३ | हरिप्रसाद सुवेदी | वि.व्य.स.अध्यक्ष | [signature] | |
| ७४ | | | | |
| ७५ | | | | |
| ७६ | | | | |
| ७७ | | | | |
| ७८ | | | | |
| ७९ | | | | |
| ८० | | | | |
| ८१ | | | | |

मिति २०८१/०९/२५ गतेको अठारौं गाउँसभाका प्रस्तावहरु :

प्रस्ताव नं. १ गत आ.व. २०८०।८१ को आय-व्ययको यथार्थ विवरण तथा चालु आ.व. २०८१।८२ को अर्धवार्षिक प्रगती समिक्षा सहितको अध्यक्षको वक्तव्य सम्बन्धमा ।

प्रस्ताव नं. २ उपाध्यक्षको वक्तव्य, आ.व. २०८१।८२ को योजना तथा बजेट र आर्थिक ऐन माथिको संशोधन प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ३ न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ४ लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ५ विधायन समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ६ सुशासन समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ७ मिति २०८१।०३।१० गतेपछि कार्यपालिका तथा प्रमुख प्रशासकीय अधिकृतको तहबाट भएका सम्पूर्ण निर्णयहरुको अनुमोदन प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ८ वडा नं. ८ मा इन्टरनेट विस्तारका लागि सुरु जडानमा ५०% अनुदान दिने गरी कार्य गर्नका लागि उपभोक्ता समितिसँग सम्झौता गर्ने प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ९ हाइड्रोपावर कम्पनी लगायत अन्य श्रोतबाट प्राप्त बजेटलाई स्वीकृत गरी खर्चको अख्तियारी दिने प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. १० LISA को प्रस्तावित नतिजालाई अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ आ.व. २०८१।८२ को पौष २१ गते सम्मको खर्चको अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १२ उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थी प्रोत्साहन सम्बन्धमा ।

प्रस्ताव नं. १३ पञ्चवर्षिय शिक्षा योजना स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ वार्षिक खरिद गुरुयोजना अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ संघीय सरकार र प्रदेश सरकारको सशर्त अनुदान बजेटमा थपघट हुने बजेटको अख्तियारी सम्बन्धमा ।

भव बहादुर भण्डारी
अध्यक्ष

CamScanner

निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल गर्दा सभा अध्यक्षले पेश गर्नुभएको गत आ.व. २०८०।८१ को आय-व्यय को यथार्थ विवरण तथा चालु आ.व. २०८१।८२ को अर्धवार्षिक प्रगती समिक्षा सहितको अध्यक्षको वक्तव्य माथी छलफल गरी सर्वसहमतिले अनुमोदन गरियो । सभाध्यक्षको अनुमोदित वक्तव्य अनुसूची १ मा उल्लेख गरिएको छ ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा उपाध्यक्षको वक्तव्य, आ.व. २०८१।८२ को योजना तथा बजेट र आर्थिक ऐन माथिको संशोधन प्रस्ताव माथी छलफल गरी सर्वसहमतिले अनुमोदन गरियो । उपाध्यक्षको वक्तव्य, आ.व. २०८१।८२ को योजना तथा वजेट र आर्थिक ऐन माथिको संशोधन सम्वन्धि अनुमोदित विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा न्यायिक समितिका संयोजक एवम् सभाका उपाध्यक्षले पेश गर्नुभएको न्यायिक समितिको प्रतिवेदन माथी छलफल गरी सर्वसहमतिले अनुमोदन गरियो । न्यायिक समितिको अनुमोदित प्रतिवेदन अनुसूची ३ मा उल्लेख गरिएको छ ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा लेखा समितिका सदस्य श्री होम वहादुर दर्जीले पेश गर्नुभएको लेखा समितिको प्रतिवेदन माथी छलफल गरी सर्वसहमतिले अनुमोदन गरियो । लेखा समितिको अनुमोदित प्रतिवेदन अनुसूची ४ मा उल्लेख गरिएको छ ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विधायन समितिका सदस्य श्री मन वहादुर शेरमन्जाले पेश गर्नुभएको विधायन समितिको प्रतिवेदन माथी छलफल गरी सर्वसहमतिले अनुमोदन गरियो । विधायन समितिको अनुमोदित प्रतिवेदन अनुसूची ५ मा उल्लेख गरिएको छ ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सुशासन समितिका सदस्य श्री बलमान गौचनले पेश गर्नुभएको विधायन समितिको प्रतिवेदन माथी छलफल गरी सर्वसहमतिले अनुमोदन गरियो । विधायन समितिको अनुमोदित प्रतिवेदन अनुसूची ६ मा उल्लेख गरिएको छ ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८१।०३।१० गतेपछि बसेको विभिन्न कार्यपालिकाको बैठक तथा प्रमुख प्रशासकीय अधिकृतस्तरबाट भए गरेका सम्पूर्ण निर्णयहरु सर्वसहमतिले अनुमोदन गरियो ।

भव बहादुर भण्डारी
अध्यक्ष

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ०८ मा इन्टरनेट सेवा विस्तारका लागि सत्रौं गाउँसभाबाट कायम भएको योजना कार्यान्वयन गर्नका लागि उपभोक्ता समिति गठन गरी आवश्यक लाभग्राहीहरुको आधारमा लाभग्राहिहरुले व्यहोर्नुपर्ने कुल सुरु जडान खर्चको ५०% अनुदान लाभग्राहिको तर्फबाट उपभोक्ता समितिको नाममा एकमुष्ट भुक्तानी दिने गरी कार्य गर्नका लागि उपभोक्ता समितिसँग सम्झौता गर्ने प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा निर्माणाधिन हाइड्रोपावर लगायत अन्य श्रोतबाट प्राप्त बजेटलाई सम्बन्धित शिर्षकमा बजेट विनियोजन स्वीकृत गरी खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने प्रस्ताव स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा आ.व. २०८०।८१ को स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) को प्रस्तावित नतिजा अंक ७६।७५ लाई स्वीकृत एवम् अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा आ.व. २०८१।८२ को पौष २१ गतेसम्म चालु आ.व. को विनियोजित बजेट अनुसार प्रमुख प्रशासकीय अधिकृतस्तरबाट खर्च भएको र सभाध्यक्षको अर्धवार्षिक प्रगती प्रतिवेदनमा पनि उल्लेख भएको सम्पूर्ण आम्दानी र खर्चलाई अनुमोदन गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुमध्येबाट २०८० सालको SEE परीक्षामा उत्कृष्ट अंक तथा नतिजा प्राप्त गर्ने विद्यालय, उत्कृष्ट शिक्षक र SEE परीक्षामा उत्कृष्ट अंक तथा नतिजा हासिल गर्ने तपशिलका विद्यालय, विद्यार्थी र शिक्षकलाई गाउँसभाबाट प्रोत्साहन गरियो ।

तपसिल :

उत्कृष्ट विद्यालय -श्री ज्ञानोदय माध्यमिक विद्यालय, मौवाफाँट, प्रोत्साहन रकम रु.१,५०,०००।-

उत्कृष्ट शिक्षक -शैक्षिक सत्रको समाप्तिसँगै मूल्याङ्कन गरी प्रोत्साहन गरिने, प्रोत्साहन रकम रु.२५,०००।-

उत्कृष्ट विद्यार्थी -श्री आशिका भुजेल, रघुगंगा मा.वि., पिप्ले, प्रोत्साहन रकम रु.२५,०००।-

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकाको पञ्चवर्षिय शिक्षा योजनाको प्रस्तुतीकरण गरियो । साथै प्रस्तुत पञ्चवर्षीय शिक्षा योजना संशोधन सहित स्विकृत गरियो ।

भद्र बहादुर भण्डारी
अध्यक्ष

CamScanner

ध्रुव बहादुर भण्डारी
अध्यक्ष

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस गाउँपालिकाको खरिद इकाईद्वारा तयार गरी कार्यान्वयनमा ल्याइएको आ.व. २०८१।८२ को वार्षिक खरिद गुरुयोजनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस गाउँपालिकाका लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फको बजेटमा विभिन्न समयमा हुने बजेट थपघटको अवस्थालाई सम्बन्धित सरकारबाट प्राप्त निर्देशन बमोजिम थपघट गरी यथार्थता कायम गर्ने र सो को कार्यान्वयन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

## अनुसूची १

## गत आ.व. २०८०।८१ को आय-व्ययको यथार्थ विवरण तथा चालु आ.व. २०८१।८२ को अर्धवार्षिक प्रगती समिक्षा सहितको अध्यक्षको वक्तव्य

गाउँ सभाका उपाध्यक्षज्यू,

गाउँ सभाका सदस्यज्यूहरु ।

रघुगंगा गाउँपालिकाको १८औं गाउँ सभाको यो महत्वपूर्ण क्षण र विशेष अवसरमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा समय-समयमा संघीय सरकार र प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा निर्देशिकाहरुले दिएको अधिकार समेतलाई अध्यक्षलाई प्राप्त जिम्मेवारी बोध गर्दै गत आर्थिक वर्ष २०८०।८१ को यथार्थ आय र व्ययको विवरण तथा चालु आर्थिक वर्ष २०८१।८२ को बजेटको समिक्षात्मक प्रगतीलाई संक्षिप्त रुपमा यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न गईरहेको छु ।

यस अवसरमा नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनहरुमा साहदत प्राप्त गर्नुहुने महान् सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतन्त्र र सामाजिक न्याय प्राप्तिको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको स्मरण गर्दै स्थानीय तहको दोश्रो निर्वाचन २०७९ मार्फत हामीलाई रघुगंगा गाउँपालिकाको नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण मतदाता तथा गाउँपालिकाबासीहरुप्रति कृतज्ञता व्यक्त गर्दछु ।

चालु आ.व. को सुरुदेखि हालसम्म आइपुग्दा सत्रौं गाउँ सभाबाट प्रस्तुत नीति तथा कार्यक्रमहरुले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु हासिल गर्नका लागि सोहि बमोजिम कार्यक्रम, योजना र बजेटको व्यवस्थापन गरिएकोमा हरेक कार्यक्रम, योजना र बजेट सोहि बमोजिम परिचालन गरिएको व्यहोरा निवेदन गर्न चाहन्छु । साथै हामिले सत्रौं गाउँ सभाबाट अंगिकार गरेका नीति तथा कार्यक्रम, योजना र बजेटहरुले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागी अधिकतम प्रयास गरिएको छ भने

ध्रुव बहादुर भण्डारी
अध्यक्ष

CamScanner

तिनिहरुबाट यस गाउँपालिकाको मात्र नभई समग्र रुपमा राष्ट्रिय विकासका लक्ष्यलाई समेत हासिल गर्न टेवा पुग्ने विश्वास लिइएको छ ।

स्थानीय स्रोत र साधनको परिचालनलाई प्रभावकारी बनाउन करको दायरा फराकिलो पार्ने, सम्पती कर, बहाल कर, व्यवसाय कर जस्ता कर राजश्वलाई प्रमुख आधारको रुपमा लिइएको तथा अन्य करहरु र राजश्व परिचालनलाई वस्तुगत विश्लेषणका आधारमा समेट्दै तथा परिमार्जन गर्दै गइएको छ भने राजश्व प्रशासनलाई सूचना प्रविधिमा आधारित र राजश्व सङ्कलन प्रकृयालाई सरल र सेवाग्राहिमुखी तथा करदातामैत्री बनाउँदै लगिएको छ ।

चालु आर्थिक वर्ष २०८१।८२ को बजेटलाई सन्तुलित एवम् समावेशी विकास, आर्थिक वृद्धि, सुशासन, दिगो पूर्वाधार विकास, रोजगारी तथा सीपमुलक तालिम, पर्यटन विकास र सामाजिक विकासको कार्यमा लक्षित गर्ने भरमग्दुर प्रयास गरिएकोमा सोहि दिशातिर परिलक्षित भई कार्यान्वयन भइरहेको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

नेपालको संविधान, नेपालको दीर्घकालिन विकास लक्ष्य, सोह्रौं योजना, संघीय सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र आवधिक योजना सहित स्थानीय राजनैतिक दलहरु, स्थानीय विज्ञ, नागरिक क्षेत्रका अगुवा, विषयगत समिति लगायत सरोकारवाला संघ-संस्याहरुको सुझाव समेतलाई बजेट कार्यान्वयनका क्रममा मनन गरेको छु । साथै, सत्रौं गाउँ सभामा प्रस्तुत गरिएको आ.व. २०८१।८२ को नीति तथा कार्यक्रमलाई प्रमुख आधार वनाई कार्यान्वयनको चरणमा रहेको हालसम्मको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु ।

गाउँ सभाका उपाध्यक्षज्यू,
गाउँ सभाका सदस्यज्यूहरु ।

अब म गाउँपालिकाको गत आ.व. २०८०।८१ मा भएको आन्तरीक तथा वाह्य राजश्व परिचालन तथा समग्र वजेटको परिचालनतर्फ भएको यथार्थ प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

राजश्व परिचालन

गाउँपालिकाको आ.व. २०८०।८१ का लागि ४८ करोड ६४ लाख २ हजार ४ सय २६ रुपैयाँ संशोधित अनुमान स्विकृत गरिएकोमा आ.व. को अन्त्यसम्ममा ४२ करोड ७४ लाख ६ हजार ५ सय ६१ रुपैयाँ ८० पैसा अर्थात कुल अनुमानको ८७.८७% यथार्थ राजश्व तथा अनुदान संकलन भएको व्यहोरा पेश गर्दछु ।

बजेट परिचालन

त्यसैगरी गाउँपालिकाको आ.व. २०८०।८१ का लागि बजेट परिचालनतर्फ भएको यथार्थ स्थिति प्रस्तुत चाहन्छु ।

चालु खर्चतर्फः

यस खर्च शिर्षक अन्तर्गत ३६ करोड २ लाख ५७ हजार ४ सय २६ रुपैयाँ संशोधित विनियोजन स्विकृत गरिएकोमा आ.व. को अन्त्यमा २९ करोड ८४ लाख ८१ हजार १ सय ३४ रुपैयाँ ५६ पैसा अर्थात कुल स्विकृत विनियोजनको ८२.९८% यथार्थ खर्च भएको व्यहोरा प्रस्तुत गर्दछु ।

पुँजीगत खर्चतर्फः

यस खर्च शिर्षक अन्तर्गत १२ करोड ११ लाख ४५ हजार रुपैयाँ संशोधित विनियोजन स्विकृत गरिएकोमा आ.व. को अन्त्यमा ९ करोड ४५ लाख ५५ हजार ८ सय ११ रुपैयाँ २३ पैसा अर्थात कुल स्विकृत विनियोजनको ७५.२६% यथार्थ खर्च भएको व्यहोरा प्रस्तुत गर्दछु ।

यसरी समग्रमा, आ. व. २०८०।८१ मा ३९ करोड ३० लाख ३६ हजार ९ सय ४५ रुपैयाँ ७९ पैसा खर्च अर्थात ८०.८०% यथार्थ वित्तीय प्रगती हासिल भएको व्यहोरा पेश गर्दछु ।

गाउँसभाका उपाध्यक्ष्यज्यू तथा सदस्यज्यूहरु,

अब म गत आ.व. २०८०।८१ मा गाउँपालिकाको विषयगत क्षेत्रतर्फ भएको यथार्थ प्रगतिवारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

आर्थिक विकास क्षेत्र

गाउँपालिकाको आ. व. २०८०।८१ मा आर्थिक विकास क्षेत्रका लागि १ करोड २ लाख रुपैयाँ संशोधित बजेट स्विकृत गरिएकोमा आ.व. को अन्त्यमा ९४ लाख २० हजार ३ सय १ रुपैयाँ अर्थात कुल स्विकृत बजेटको ९२.३६% यथार्थ वित्तीय प्रगति हासिल भएको व्यहोरा पेश गर्दछु ।

सामाजिक विकास क्षेत्र

गाउँपालिकाको आ.व. २०८०।८१ मा सामाजिक विकास क्षेत्रका लागि २८ करोड २६ लाख १८ हजार ६ सय रुपैयाँ संशोधित बजेट स्विकृत गरिएकोमा आ.व. को अन्त्यमा २३ करोड ९८ लाख ९१ हजार १ सय ४२ रुपैयाँ ७ पैसा अर्थात कुल स्विकृत बजेटको ८४.८८% यथार्थ वित्तीय प्रगति भएको व्यहोरा पेश गर्दछु ।

पूर्वाधार विकास क्षेत्र

गाउँपालिकाको आ. व. २०८०।८१ मा पूर्वाधार विकास क्षेत्रका लागि ८ करोड ९ लाख ९० हजार रुपैयाँ संशोधित बजेट स्विकृत गरिएकोमा आ.व. को अन्त्यमा ६ करोड ४३ लाख ५० हजार २ सय ७१ रुपैयाँ २३ पैसा अर्थात कुल स्विकृत बजेटको ७९.४५% यथार्थ वित्तीय प्रगति हासिल भएको व्यहोरा पेश गर्दछु ।

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

भवि बहादुर भण्डारी
अध्यक्ष

CamScanner

भव बहादुर भण्डारी
अध्यक्ष

गाउँपालिकाको आ. व. २०८०।८१ मा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि ६५ लाख ५७ हजार ८ सय २६ रुपैयाँ संशोधित बजेट स्विकृत गरिएकोमा आ.व. को अन्त्यमा ५९ लाख ९४ हजार २ सय ७६ रुपैयाँ अर्थात कुल स्विकृत बजेटको ९१.४१% यथार्थ वित्तीय प्रगति हासिल भएको व्यहोरा पेश गर्दछु ।

कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र

गाउँपालिकाको आ. व. २०८०।८१ मा कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रका लागि १० करोड १० लाख ३६ हजार रुपैयाँ संशोधित बजेट स्विकृत गरिएकोमा आ.व. को अन्त्यमा ७ करोड ३३ लाख ८० हजार ९ सय ५५ रुपैयाँ ४९ पैसा अर्थात कुल स्विकृत बजेटको ७२.६३% यथार्थ वित्तीय प्रगति हासिल भएको व्यहोरा पेश गर्दछु । जसको विस्तृत विवरण तालिका नं. १ मा उल्लेख गरेको छु ।

गाउँसभाका उपाध्यक्ष्यज्यू एवम् सदस्यज्यूहरु,

अब म गाउँपालिकाको चालु आ.व. २०८१।८२ को मध्यावधिमा आइपुग्दा पौष महिनाको २१ गतेसम्म भएको आन्तरिक तथा बाह्य राजश्व परिचालन तथा समग्र बजेटको परिचालनतर्फ भएको यथार्थ प्रगतिबारे संक्षिप्त समिक्षात्मक विवरण पेश गर्ने अनुमति चाहन्छु ।

राजश्व परिचालन

गाउँपालिकाको आ. व. २०८१।८२ को लागि ४८ करोड ६५ लाख ३९ हजार रुपैयाँ राजश्व अनुमान स्विकृत गरिएकोमा २०८१ पौष २१ गतेसम्म संघीय सरकार समानिकरण अनुदान तर्फको ३ करोड ९१ लाख रुपैयाँ, गण्डकी प्रदेश सरकार समानिकरण अनुदान तर्फको ४७ लाख २८ हजार ५ सय रुपैयाँ, संघीय सरकार सशर्त अनुदान तर्फको १० करोड ८९ लाख ७२ हजार रुपैयाँ, संघीय सरकार राजश्व बाँडफाँट तर्फको ३ करोड २८ हजार ६ सय ३० रुपैयाँ ५८ पैसा, गण्डकी प्रदेश सरकार राजश्व बाँडफाँट तर्फको २६ लाख २१ हजार १ सय ९३ रुपैयाँ र आन्तरिक श्रोत (चालु आ.व. को राजश्व संकलन तथा गत आ.व. को अ.ल्या. समेत) तर्फ ४ करोड ५ लाख ९२ हजार ६ सय ७१ रुपैयाँ ३८ पैसा गरी जम्मा २२ करोड ६० लाख ४२ हजार ९ सय ९४ रुपैयाँ ९६ पैसा अर्थात कुल अनुमानको ४६.४६% यथार्थ राजश्व तथा अनुदान संकलन तथा परिचालन भएको व्यहोरा पेश गर्दछु ।

बजेट परिचालन

त्यसैगरी गाउँपालिकाको आ. व. २०८१।८२ को लागि बजेट परिचालनतर्फ २०८१ पौष २१ गतेसम्म भएको विवरण प्रस्तुत गर्न चाहन्छु ।

भव बहादुर भण्डारी
अध्यक्ष

CamScanner

चालु खर्चतर्फः

यस खर्च शिर्षक अन्तर्गत ३६ करोड ९६ लाख ७ हजार रुपैयाँ विनियोजन स्विकृत गरिएकोमा २०८१ पौष २१ गतेसम्म १२ करोड ३ लाख ६८ हजार ९ सय ५१ रुपैयाँ ३५ पैसा अर्थात कुल स्विकृत विनियोजनको ३३.४६% खर्च भएको व्यहोरा प्रस्तुत गर्दछु ।

पुँजीगत खर्चतर्फः

यस खर्च शिर्षक अन्तर्गत ११ करोड ६९ लाख ३२ हजार रुपैयाँ विनियोजन स्विकृत गरिएकोमा २०८१ पौष २१ गतेसम्म १ करोड २१ लाख २९ हजार ६ सय ८३ रुपैयाँ अर्थात कुल स्विकृत विनियोजनको ९.६५% खर्च भएको व्यहोरा प्रस्तुत गर्दछु ।

यसरी समग्रमा, आ. व. २०८१।८२ अन्तर्गत २०८१ पौष २१ गतेसम्म १३ करोड २४ लाख ९८ हजार ६ सय ३४ रुपैयाँ ३५ पैसा खर्च अर्थात २७.२३% वित्तीय प्रगती हासिल भएको व्यहोरा पेश गर्दछु । जसको विस्तृत विवरण तालिका नं. २ मा उल्लेख गरेको छु । चालु आ.व. को मध्यावधिमा आइपुग्दासम्म हासिल भएको यो वित्तीय प्रगती तुलनात्मक रुपमा न्यून वित्तीय प्रगती हासिल भएको देखिएको छ । संघीय सरकारबाट जिन्सी व्यवस्थापनका सम्बन्धमा अनिवार्य रुपमा लागू गरिएको पाम्स भिटु (PAMS V2) प्रणालीको कार्यान्वियनको सन्दर्भमा प्रारम्भिक चरणमा देखिएका कतिपय द्विविधा, अन्यौलता एवम् समस्याहरुका साथै अधिकजसो वडाहरुमा योजना कार्यान्वयनका लागि समयमा उपभोक्ता समिति बनाउने सम्बन्धमा देखिएको उदासिनताका कारण योजनाहरु समयमा सम्झौता नहुन र कार्यान्वयनमा जान नसक्नु न्यून वित्तीय प्रगतीका मूख्य सूचकहरु हुन । कार्यालयबाट नियमित रुपमा हुने तथा गर्नुपर्ने भनिएका विभिन्न कार्यक्रमहरुको तयारी तथा कार्यान्वयन भइरहेको र यिनीहरुको अन्तिम परिणाम तथा प्रतिवेदन हासिल एवम् प्राप्त भएपछि मात्र भुक्तानी प्रक्रिया अगाडी बढाइने हुँदा उक्त कार्यलाई वित्तीय प्रगतीमा दर्साउन नसकिएको हुँदा पनि वित्तीय प्रगती न्यून देखिएको व्यहोरा निवेदन गर्दछु ।

गाउँसभाका उपाध्यक्ष्यज्यू तथा सदस्यज्यूहरु,

सत्रौं गाउँसभाबाट हामिले तय गरेका नीति तथा कार्यक्रमको कार्यान्वयनले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षाको अनुशरणका माध्यमबाट *"समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी"* भन्ने गाउँपालिकाको लक्ष्यलाई गन्तव्यमा पुऱ्याउन सहयोग गर्नेछन । सबैलाई समान अवसर र अधिकार, सुरक्षाको प्रत्याभूति

CamScanner

एवम् उत्तिकै सम्मानको प्रत्याभूति जस्ता मानवीय विकास र संवेदनासँग जोडिएका विषयहरुको सम्बोधन चालु आ.व. को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट हुनेनै छ ।

अन्तमा, यस वक्तव्य तथा समिक्षा प्रतिवेदन तयारीमा योगदान पुऱ्याउनु हुने गाउँपालिका उपाध्यक्ष, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी चालु आ.व. को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनका लागि सहयोग गर्नु भएका सम्पूर्ण राजनीतिक दल, रघुगंगा गाउँपालिकाका निवर्तमान जनप्रनिधिहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुखहरु, रघुगंगा बजार ईकाई लगायतका संघ-संस्थाका प्रमुख एवम् प्रतिनिधीहरु, सहकारी अभियान्ताहरु, गैर-सरकारी संघ-संस्थाहरुका प्रतिनिधीहरु, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण गाउँपालिकाबासी आदरणीय आमाबुवा, दाजुभाई दिदी-बहिनीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस वक्तव्य तथा समिक्षा प्रतिवेदनको मस्यौदा तयारीमा जुट्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्दछु । यस आ.व. को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबैको सहकार्य, समन्वय र अपनत्वको आवश्यक पर्दछ । यसका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दल, संघ-संस्थाहरु, निजी तथा सहकारी क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज लगायत सबैको निरन्तर सहयोग रहिरहनेमा पूर्ण विश्वस्त छु । धन्यवाद ।

जय रघुगंगा गाउँपालिका !

जय रघुगंगाबासी !

भव बहादुर भण्डारी

गाउँपालिका अध्यक्ष

२०८१।०९।२५ गते बिहीबार